# स्थानिय राजपत्र


## भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ७ | संख्याः १२ | मितिः२०८१/०८/०४


**भाग-०२**

**भानु नगरपालिका**

भानु नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको निम्नानुसार कार्यबिधि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुरुप सार्बजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भानु नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१

**प्रमाणिकरण मितिः२०८१/०७ /२९**

**प्रस्तावनाः**

भानु नगरपालिकाको कृषि क्षेत्र भित्रको कृषि व्यवसायलाई आधुनिकीकरण गर्दै कृषि कार्य गर्न उत्प्रेरित गर्नुका साथै कृषक, कृषि उधमीहरुलाई प्रोत्साहन गर्दै नविनतम प्रविधिको प्रयोगवाट उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न, कृषक एवं कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा वजारीकरणद्धारा व्यावसायीक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न, भानु नगरपालिकाको कृषि विकासतर्फ अनुदान कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२, भानु नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भानु नगरपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "भानु नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि ,२०८१" रहेको छ।
(ख) यो कार्यविधि नगरपालिकाबाट स्विकृत भएको मिति देखि लागू हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्दछ।

(ख) "कार्यक्रम" भन्नाले विभिन्न कृषि विकास कार्यक्रम सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले भानु नगरकार्यपालिका सम्झनुपर्दछ।

(घ) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायीक कृषि खेति गर्ने कृषक, कृषि फार्म, कृषि व्यवसायीलाई सम्झनुपर्दछ।

(ङ) कृषक समुह" भन्नाले विधिवत् रुपले कृषि विकास शाखामा दर्ता भई समुहमा कृषि कार्य गर्दै आएका कृषकहरुको समुहलाई सम्झनुपर्दछ।

(च) "नगरपालिका"भन्नाले भानु नगरपालिका सम्झनुपर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ज) "अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्विकृत कार्यक्रम बमोजिम कृषि तथा पशु क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधारनिर्माण, यान्त्रीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औधौगिकीकरण तथा गरिवि निवारण, समेतका लागि छनौट भएका अनुदानग्राहीहरुलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तिय उत्तरदायित्व वहन गर्ने गरि प्रदान गरिने आर्थिक, वस्तुगत सहायता पुर्वाधार विकास वा उपलब्ध गराईने कृषि/पशु सामाग्री र उपकरण सम्झनुपर्दछ।

(ञ) "अनुदानग्राही" भन्नाले यस कार्यविधिबमोजिम छनोट भएका कृषक, कृषि फार्म र कृषि व्यवसायीहरुलाइ सम्झनुपर्दछ।

(ट) "कृषि" शब्दले बाली, बागवानी,व्यवसायीक किट आदिका उपक्षेत्र सँग सम्बन्धीत उत्पादन,प्रशोधन,उधोग एवम् व्यवसायलाइ सम्झिनुपर्छ।

(ठ) "कृषि सामाग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, विरुवा, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन र रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार,उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुहरुलाइ समेत सम्झनुपर्दछ।

(ड) "सार्वजनिक पुर्वाधार" भन्नाले सार्वजनिक निकायवाट निर्माण हुने विरुवा रोपन, बजार पूर्वाधार,तटवन्ध तथा वाँध निर्माण,सिचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पुर्वाधारहरुलाई सम्झनुपर्छ।

(ढ) "निजि पुर्वाधार" भन्नाले कृषक वा फर्म वा कम्पनीबाट निर्माण हुने साना सिचाई,नर्सरी स्थापना,प्लास्टिक टनेल घर जस्ता उत्पादन,प्रशोधन तथा बजार सम्बन्धी विभिन्न निजि प्रयोजनका पुर्वाधारहरुलाई सम्झनुपर्दछ।

(ण) "सामुदायीक पुर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राहि समुदायवाट निर्माण हुने सिंचाई पूर्वाधर,उत्पादन तथा प्रसोधन,कृषि वजार पूर्वाधार लगायत अन्य सामुदायीक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ।

(त) "लक्षित वर्ग" भन्नाले कृषक, कृषि फर्म, कृषक समुह, कृषि सहकारी संस्था तथा सरोकारवालाहरुलाई सम्झनुपर्दछ।

(थ) "वडा" भन्नाले भानु नगरपालिकाको वडाहरु सम्झनुपर्छ।

(द) "शाखा" भन्नाले भानु नगरपालिकाको कृषि विकास शाखालाई जनाउछ।

३.**<u>उद्धेश्य</u>**ः

यस कार्यविधि वमोजिम संचालन हुने कार्यक्रमहरूको उद्धेश्य देहायवमोजिम हुनेछ।

क)कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गरी एकरुपता कायम गर्ने।

ख)कार्यक्रमहरुको सम्वन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने।

ग)कार्यक्रमहरुको कार्यान्वयन,अनुगमनलाई प्रभावकारी वनाउने।

## परिच्छेद २

## व्यबस्थापकीय पक्ष

४.**अनुदान उपलब्ध गराउन सक्नेः**

मर्स्याङ्दी गाउँपालिकाले स्विकृत कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद ३ मा उल्लेखित कृषि विकास कार्यक्रमहरुको उद्धेश्य,प्रमुख क्रियाकलापहरु र न्युनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषयअनुसार प्रसार सेवा, क्षमता अभिवृद्दि, साना कृषक सम्बन्धी कार्यक्रम आवश्यकतानुसार व्यवसाय प्रवर्धन कार्यक्रम संचालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ।

५. **अनुदान रकमको सिमा र प्रतिशतः**

नगरपालिकाबाट स्विकृत कृषि विकास कार्यक्रम संचालनका लागी अनुदान कार्यक्रम अन्तर्गत उपलब्ध गराईने अनुदानको सीमा यस कार्यविधि अनुसार तोकेबमोजिम हुनेछ।

क) सार्वजनिक निकायवाट सञ्चालन गरिने सार्वजनिक कृषि सम्वन्धी क्रियाकलापको हकमा सत प्रतिशत अनुदान हुनेछ।प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट संचालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

६. **माग संकलनः**

(क) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग संकलन गर्न भानु नगरपालिकाले नियमानुसार समयमै अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नेछ।
(ख) यस कार्यविधिको परिच्छेद ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभूत/प्रासङ्गिक पक्ष पूरा गर्ने गरि ईच्छुकले अनुसूची-२ बमोजिम आवेदन पेश गर्नेछ।

७. **लाभग्राही छनोटः**

१)कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने क्रियाकलापहरुको लागि प्रस्ताव मूल्याङ्कन तथा छनोट कार्यको लागि देहायको एक समिति हुनेछ।

क) नगरपालिका प्रमुखःसंयोजक

ख) नगरपालिका उपप्रमुखःसदस्य

ग) आर्थिक विकास समिति संयोजकःसदस्य

घ) प्रमुख प्रशासकीय अधिकृतःसदस्य

ङ) कृषि विकास शाखामा कार्यरत कृषि प्रविधिकःसदस्य

तर नगरपालिकामा कृषि सम्बन्धी कार्यक्रम संचालनको लागी समिति रहेको खण्डमा सोही समितिले कार्य गर्नेछ। प्रस्ताव मुल्याङ्कनका आधारहरु अनुसूची-३ बमोजिम हुनेछ, तर प्रस्ताव आह्वान गरि प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनोट गर्नु नपर्ने कृषि प्रसारका नियमित क्रियाकलापहरु कृषि विकास शाखाद्धारा यस कार्यविधिको अधिनमा रहि आवश्यक विधि निर्धारण गरि संचालन गर्न सकिनेछ।

२)समितिले आवश्यकता अनुरुप विषयसंग सम्वन्धित पदाधिकारी विज्ञ ,संघिय प्रदेश सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

३)दफा ७(१) वमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क)यस कार्यविधि वमोजिम मुल्याङ्कन तथा छनोटका आधारहरु तयार गर्ने,

ख)प्राप्त निवेदनहरूको मुल्याङ्कन र स्थलगत अनुगमन गरी अनुदानग्राहि छनोट गर्ने।

ग)छनोट भएका अनुदानग्राहिलाई उपलव्ध गराइने अनुदान रकम एकिन गर्ने र सम्झौताको लागी सिफारीस गर्ने।

घ)सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यक्रमको अनुगमन तथा प्रमाणिकरण गर्ने।

## ८. <u>अनुदान प्रवाहः</u>

(क)यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्न अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ४ अनुसार हुनेछ।

(ख) यस कार्यविधि बमोजिम छनोट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप, अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भुक्तानी विधि उल्लेख गरी सम्बन्धीत कार्यालयले अनुदानग्राही सँग सम्झौता गर्नेछ।

(ग) अनुसूची-४ अनुसार हुने सम्झौता बमोजिम स्थानिय तहले अनुदान भुक्तानी गर्नेछ।

९. **अनुदान भुक्तानीः**

(क) नगद अनुदान दिने कार्यक्रमको हकमा अनुदान रकम सिधै बैंक खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ।

(ख) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको हुनेछ। कार्यक्रमको प्रकृति अनुसार जिम्मेवार प्राविधिकले स्थलगत निरिक्षण गरि तयार पारेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ।

(ग) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरेर तपसिलको कागजात पेश गरेपछि मात्र कार्यालयले अनुदानतर्फको रकम भुक्तानी दिनेछ।

१) कार्यक्रम गरेको विल भरपाई,

२) समुह र सहकारिको हकमा सार्वजनिक सनुवाई,

३) लाभग्राहिले कार्यसम्पन्न गरेको हो भनि देखिने वडाको सिफारिस

४) कार्यक्रम गर्नु अगाडिको फोटो र कार्यक्रम गरिसकेपछिको फोटो

५) कार्यसम्पन्न भएको सर्जिवन मुचुल्का,

६) सम्वन्धीत सस्थाको रकम भुक्तानिको निर्णय र निवेदन,

७) कार्यालयलाई आवस्यक परेको खण्डमा लाभग्राहिले कार्यसम्पन्न गरेको प्रमाणित हुने अन्य कागजातहरु,

१०. **कार्यक्रम अनुगमन र मल्याङ्कनः**

कार्यक्रमको अनुगमन भानु नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय,नगरपालिकाको कृषि हेर्ने शाखा एवम् सम्बन्धित वडा कार्यालयबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछ।यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

## परिच्छेद ३

## कार्यक्रम र प्राविधिक पक्ष

भानु नगरपालिकाको कृषि विकास कार्यक्रमहरुको कार्यक्रमगत उद्देश्य, कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने प्रमुख क्रियाकलाप,पालना गर्नुपर्ने न्यूनतम मापदण्ड प्रासङ्गिक विषय जस्ता प्राविधिक पक्षहरुको बारेमा उल्लेख गरिएको छ।

११**<u>) साना किसान लक्षित मिनि किट वितरण (तोरि र तरकारी)</u>**

१) परिचयः भानु नगरपालिकालाई तेलहन र तरकारि उत्पादनमा आत्मनिर्भर बनाउन तेलहन र तरकारि बालीहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याई खाध तथा पोषण सुरक्षामा टेवा पुर्याउन कार्यक्रमहरु संचालन गरिने छन्।

२) उद्धेश्य

(क) व्यवसायिक तेलहन र तरकारि खेति गरि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने।

(ख) तेलहन र तरकारि बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरि न्युन आय भएका कृषकको आर्थिक स्तरमा सुधार गर्ने।

(ग) तेलहन  र तरकारि बालीको गुणस्तरिय उत्पादन वृद्धि गरि निर्यातमा सहयोग पुर्याइ आत्मनिर्भरता बढाउने।

३)  लक्षित समुहः कृषक समुह, कृषि सहकारी संस्था।

४) प्रमुख क्रियाकलापहरुः

(क) क्षेत्रफल विस्तारका लागि तरकारी र तोरिको उन्नत विउमा ७५% सम्म अनुदानमा वितरण तथा सिधै सम्झौता गरेर किसानलाई कार्यक्रम गर्न सकिनेछ।

(ख) कृषि विकास शाखा मार्फत उच्च उत्पादन दिने तरकारि र तोरिको जातको क्षेत्र प्रदर्शनीका लागी क्रियाकलाप संचालन गर्न सकिनेछ।क्षेत्र प्रदर्शनको लागी आवश्यक सामाग्री शत प्रतिशत अनुदान दिन सकिन्छ।

(ग) कार्यक्रम व्यावस्थापन(वैठक,अनुगमन,प्रचार प्रसार,यातायात,ढुवानी,ईन्धन ईत्यादी)

५) अपेक्षित उपलब्धिहरुः

(क) उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग गर्नेछ।

(ख) क्षेत्रफल विस्तार हुनेछ।

(ग) व्यवसायीक उत्पादनमा वृद्धि भई व्यवसायीकरणमा टेवा पुग्नेछ।

६) अनुदान प्रतिशत र अधिकतम सिमाः

(क) सार्वजनिक निकायवाट सञ्चालन गरिने कृषि सम्वन्धी क्रियाकलापको हकमा सत प्रतिशत अनुदान हुनेछ।

(ख) कृषक समुह र कृषि सहकारिको लागी साना किसान लक्षित मिनिकिट वितरण (तोरि र तरकारी) कार्यक्रमको लागी कृषि सामाग्रीमा अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ।

७) न्युनतम मापदण्ड/प्रासङ्गिक विषय

न्युनतम ४० रोपनीमा तेलहन वा १० रोपनीमा तरकारि बाली खेती कार्यक्रम संचालन गर्नुपर्ने।तेलहनको लागी कम्तिमा २० रोपनिको एउटा क्लस्टर हुनुपर्नेछ।

**<u>१२) वहुउदेश्यीय नर्सरी स्थापना</u>**

१)परिचयः भानु नगरपालिकामा फलफुल, तरकारी ईत्यादी बालीको नर्सरी निर्माण गरि बिरुवामा आत्मनिर्भरता बढाउनका लागी **<u>वहुउदेश्यीय नर्सरी स्थापना</u>** कार्यक्रम संचालन गरिने छ।

२) उद्धेश्य;

(क) मध्यम प्रविधियुक्त फलफुल तथा तरकारी नर्सरी स्थापना गर्ने।

(ख) पालिकालाई आवश्यक बिरुवा आपुर्ति तथा उपलब्धतामा सहजिकरण गर्ने।

३) लक्षित समुहःमध्यम प्रविधियुक्त फलफुल/ तरकारी नर्सरी स्थापना गर्न ईच्छुक कृषि फर्म,कृषक समुह,कृषि सहकारी संस्था,कम्पनीहरु।

४)प्रमुख क्रियाकलापहरु

(क) सेड हाउस निर्माण,प्लास्टिक, हाउस भित्र सिचाई पुर्वाधार

(ख) माउबोट, रुटस्टक बिउ/बेर्ना खरिद,

(ग) नर्सरी बिरुवा प्याकेजिङ सामाग्री खरिद

(घ) माटो व्यावस्थापन

(ङ) मल

(घ) वाली संरक्षण

(ङ) सिचाई(पाईप,स्प्रिङ्कल,हजारि,थोपा सिचाई,पोखरि लगायत किसानका माग र आवस्यकताका आधारमा आवस्यक सवै नविनतम प्रविधिहरु)

(च) नर्सरी औजार, उपकरण

(छ) कार्यक्रम व्यावस्थापन(वैठक,अनुगमन,प्रचार प्रसार,यातायात,ढुवानी,ईन्धन ईत्यादी)

(ज)स्थानिय माग र आवस्यकताका आधारमा अन्य क्रियाकलापहरु गर्न सकिने।

५)अपेक्षित उपलब्धिहरुः

(क) मध्यम प्रविधियुक्त बहुउद्देश्यीय नर्सरी निर्माण गरि बिरुवा उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग गर्नेछ।

(ख)क्षेत्रफल विस्तार हुनेछ।

(ग)व्यवसायीक उत्पादनमा वृद्धि भई व्यवसायीकरणमा टेवा पुग्नेछ।

६) अनुदान प्रतिशत र अधिकतम सिमाः

(क) सार्वजनिक निकायवाट सञ्चालन गरिने कृषि सम्वन्धी क्रियाकलापको हकमा सत प्रतिशत अनुदान हुनेछ।

(ख)कार्यालयले नर्सरी सम्वन्धी पुर्वाधार निर्माण र यान्त्रीकरणमा अधिकतम ५०% र अन्य क्रियाकलापमा अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ।

७) न्युनतम मापदण्ड/प्रासङ्गिक विषय

(क) सम्बन्धित बालीको नर्सरी उत्पादनका लागी भौगोलिक  तथा हावापानीको हिसाबले उपयुक्त स्थानमा नर्सरी स्थापना गर्नुपर्नेछ।

(ख) नर्सरी स्थापनाका लागी नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादन सम्बन्धी तालिम लिएको व्यक्तीलाई प्राथमिकता दिईनेछ।

(ग) कृषि विषय अध्ययन गरि नर्सरी स्थापना गर्न चहाने व्यक्तिलाई प्राथमिकता दिईनेछ।

(घ) नर्सरी स्थापना गर्दा नर्सरीको क्षेत्रफल कम्तिमा १ रोपनिको हुनुपर्नेछ।

१३**) आकस्मिक वाली संरक्षण सेवा**

१) परिचयः जनचेतनाको अभावका कारण बर्षेनी किसानले संचय गरेका रोग किराको कारण वाली नालीको उत्पादनमा ह्रास भएका कारण रोग किरावाट वचाउन यो कार्यक्रम संचालन गरिने छ।

२) उद्धेश्यः

(क) कृषकको वालीमा रोग किरा तथा अन्य समस्याहरुको पहिचान गरी समयमै उपर्युत्त प्रविधी सिफारिस गर्ने।

(ख) विषादी समुचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुर्याउने।

(ग) उत्पादन वृद्धि गर्ने।

३) लक्षित समुहः कृषक,कृषि फर्म,कृषक समुह, कृषि सहकारी संस्था तथा कम्पनीहरु।

४) प्रमुख क्रियाकलापहरुः

क) विषादी खरिद,शुक्ष्म खाध्यतत्व खरिद

ख) कृषकहरुलाई वालीमा भएको क्षति वापत क्षतिपुर्ति दिन सकिने

ग) कार्यक्रम व्यावस्थापन(वैठक,अनुगमन,प्रचार प्रसार,यातायात,ढुवानी,तेल ईत्यादी)

घ) स्तानिय माग र आवस्यकताका आधारमा अन्य क्रियाकलाप गर्न सकिने।

५.अनुदान प्रतिशत र अधिकतम सिमा

(क) सार्वजनिक निकायवाट सञ्चालन गरिने कृषि सम्वन्धी क्रियाकलापको हकमा सत प्रतिशत अनुदान हुनेछ।

ख) वाली संरक्षण समाग्री खरिद तथा वितरणमा सतप्रतिशत अनुदान दिन सकिनेछ।

ग) यस नगरपालिकाभित्रका कृषकहरुलाई वालीमा भएको क्षति वापत क्षतिपुर्ति दिदा मुल्याङ्कन समितिको मुल्याङ्कन प्रतिवेदनको आधारमा सिफारिस समितिले निर्धारण गर्नेछ।

घ.क्षतिपुर्ति प्राप्त गर्नको लागी पिडितले घटना भएको १५ दिन भित्र प्रहरि मुचुल्का ,वडाको सिफारिस,फोटो र सम्पुर्ण क्षति देखिने गरि अनुदानको मागको निवेदन पेश गर्नुपर्नेछ।सात हजार भन्दा कम क्षतिपुर्ति पाउने हकमा प्रहरि मुचुल्का आवश्यक पर्ने छैन।

६ समिति सम्वन्धी व्यवस्था

क)मुल्याङ्कन समितिःवाली नाली नाश भएको अवस्थामा सिफारिस समितिलाई क्षतिपुर्ति भएको विवरण राहतका लागि सिफारिस गर्न देहायको समिति रहनेछ।

क)सम्वन्धीत वडाको वडा अध्यक्षः-संयोजक

ख)सम्वन्धीत वडाको वडा समितिले तोकेको एक जना कृषि हेर्ने वडा सदस्यःसदस्य

ग)वडा सचिवःसदस्य सचिव

मुल्यांकन समितिको काम, कर्तव्य र अधिकार

१)प्राकृतिक प्रकोपवाट वाली नास भई पिडित भएकाहरुको सन्दर्भमा तथ्याङ्क संकलन गरी वाली नास भएको ठाउँमा पुगी स्थलगत मुल्याङ्कन प्रतिवेदन तयार पार्ने,

२)वाली नास भएको स्थलगत मुल्याङ्कन प्रतिवेदन तथा कार्यालयको सिफारिसका आधारमा क्षतिपुर्ति निर्धारण गर्नको लागी समितिमा प्रतिवेदन पेश गर्ने।

ख) सिफारिस समितिः आकस्मिक वाली संरक्षण सम्वन्धि कार्यक्रम सञ्चालनका लागी आवस्यक निति निर्माण तथा निर्देशनका लागी देहाय वमोजिमको सदस्य रहने गरि एक आकस्मिक वाली संरक्षण सिफारिस समिति रहनेछ।

क) नगरपालिका प्रमुखःसंयोजक

ख) नगरपालिका उपप्रमुखःसदस्य

ग) आर्थिक विकास समिति संयोजकःसदस्य

ङ) कृषि विकास शाखा प्रतिनिधीःसदस्य

सिफारिस मितिको काम, कर्तव्य र अधिकार

क)आर्थिक स्रोत व्यावस्थापन गर्ने,

ख)वाली नास हुनु अगावै जनचेतना कार्यक्रम गर्ने,

ग)मुल्यांकन समितिले वाली नास भएको स्थलगत मुल्यांकन प्रतिवेदन तथा वडा कार्यालयको सिफारिसको आधारमा क्षतिपुर्ति निर्धारण गरि राहत प्रदान गर्ने।

७) अपेक्षित उपलब्धिहरुः

(क) उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग पुग्नेछ।

(ख) कृषकको वालीमा रोग किरा तथा अन्य समस्या कम हुनेछ।

८) अनुदान प्रतिशत र अधिकतम सिमाः प्राविधिक सेवा तथा अन्य सेवा सुविधा निशुल्क उपलव्ध गराइनेछ।

## १४) प्लान्ट क्लिनिक

१) परिचयः जनचेतनाको अभावका कारण वर्षेनी किसानले संचय गरेका रोग, किराको कारण वाली नालीको उत्पादनमा ह्रास भएका कारण रोग, किरावाट वचाउन यो कार्यक्रम संचालन गरिनेछ।

२) उद्धेश्यः

(क) कृषकको वालीमा रोग, किरा तथा अन्य समस्याहरुको पहिचान गरी समयमै उपर्युक्त प्रविधी सिफारिस गर्ने।

(ख) विषादी समुचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुर्याउने।

(ग) उत्पादन वृद्धि गर्ने।

३) लक्षित समुहःकृषक,कृषि फर्म,कृषक समुह, कृषि सहकारी संस्था तथा कम्पनीहरु।

४) प्रमुख क्रियाकलापहरुः

(क) प्रचार प्रसार

(ख) वाली उपचार शिविर संचालन सामाग्री

(ग) सुझाव पर्चा

(घ) स्टेशनरी

(ङ) वाली शिविर व्यावस्थापन खर्च

(च) सामाग्री वितरण

(छ) कार्यक्रम व्यावस्थापन खर्च तथा दैनिक भ्रमण भत्ता।

(ज) स्थानिय माग र आवस्यकतामा आधारित आवस्यकता अनुसार अन्य कार्यक्रम गर्न सकिनेछ।

५) अपेक्षित उपलब्धिहरुः

(क) उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग पुग्नेछ।

(ख) कृषकको वालीमा रोग, किरा तथा अन्य समस्या कम हुनेछ।

६) अनुदान प्रतिशत र अधिकतम सिमाः प्राविधिक सेवा तथा अन्य सेवा सुविधा निशुल्क उपलव्ध गराइनेछ।

**१५) साना सिँचाई कार्यक्रम**

१) परिचयः

भानु नगरपालिका भित्र खेतियोग्य जमिनहरुमा सिँचाई संरचनाहरुको निर्माण, मर्मत तथा आधुनिक सिँचाई प्रविधिहरुको प्रयोग र विस्तार गरि सिँचाईको सुविधा सुनिश्चित गर्न तथा सिँचाई क्षेत्र विस्तार गरि कृषिको उत्पादन र उत्पादकत्व वढाउन **साना सिचाई कार्यक्रम** संचालन गरिनेछ।

२) उद्धेश्य;

(क) सिचाइको क्षेत्रफल वढाउने।

३) लक्षित समुहः ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी संस्था, कम्पनीहरु।

४) प्रमुख क्रियाकलापहरु

(क) सिचाँइ पुर्वाधार निर्माण तथा व्यावस्थापन (पाइप, कुलो, पोखरी, थोपा सिँचाई, स्प्रीङ्कल, मोटर, सौर्य सिँचाई, ट्युवेल जस्ता कृषकका माग र आवस्यकतामा आधारित आवस्यक सवै सिचाई पुर्वाधार र प्रविधिहहरु) मा अनुदान दिन सकिनेछ।

(ख) कार्यक्रम व्यावस्थापन (वैठक, अनुगमन, प्रचार प्रसार, यातायात, ढुवानी, इन्धन ईत्यादी)

५) अपेक्षित उपलब्धिहरुः

(क) उत्पादन र उत्पादकत्व वृद्वी।

(ख) क्षेत्रफल विस्तार।

६) अनुदान प्रतिशत र अधिकतम सिमाः

(क) सार्वजनिक निकायवाट सञ्चालन गरिने कृषि सम्वन्धी क्रियाकलापको हकमा सत प्रतिशत अनुदान हुनेछ।

(ख) कार्यालयले एक आर्थिक वर्षमा कुनै एक कार्यक्रमको लागी कुल लागत अनुमानको ८५ % सम्म लागत साझेदारी गर्नेछ ।

७) न्युनतम मापदण्ड/प्रासङ्गिक विषय

(क) साना सिँचाई कार्यक्रमवाट सिँचित हुने क्षेत्रफल कृषक समुहको लागी कम्तिमा २० रोपनी र फार्मको लागी कम्तिमा २ रोपनी हुनुपर्छ।

१६. **कार्यक्रमको नामः डिजिटल कृषि प्रविधि सेवा विस्तार**

**(१) परिचय :** यस नगरपालिका भित्रका कृषकहरुलाई कृषि प्रसार सेवा, कृषि प्राविधिक सेवा र विशेषज्ञ सेवामा पहुँच पुर्याउनको लागि डिजिटल कृषि प्रविधि सेवा विस्तार कार्यक्रम संचालन गर्न सकिनेछ ।

**(२) उदेश्य** :

(क) कृषि क्षेत्रको विकासको लागि डिजिटल कृषि प्रविधि मार्फत सेवा प्रवाह गर्ने ।

(ख) कृषि प्रसार सेवा, कृषि प्राविधिक सेवा, विशेषज्ञ सेवामा कृषकहरुको पहुँच पुर्याउने ।

(ग) नगरपालिकाबाट संचालन हुने कृषि विकास कार्यक्रमहरुलाई डिजिटलाइजेशन गर्ने ।

(घ) युवा जनशक्ति कृषि क्षेत्रमा आकर्षित गर्न सहयोग पुर्याउने ।

ङ) नगरपालिका भित्र रहेका दुरदराजका किसानहरुलाई कृषि प्राविधिकहरु संग सिधै जोडिने वातावरण मिलाउने ।

**(३) प्रमुख क्रियाकलापहरु :**

(क) डिजिटल कृषि प्रविधि मार्फत सेवा प्रवाहको लागि सफ्टवेयर खरिद/निर्माण, मोबाइल एप्स निर्माण, डिजिटल कृषक चौतारी स्थापना लगायत अन्य क्रियाकलापहरु संचालन गरिनेछ ।

(ख) कार्यक्रम व्यावस्थापन(वैठक,अनुगमन,प्रचार प्रसार,यातायात,ढुवानी,तेल ईत्यादी।

**(४) सेवा प्रवाह लक्षित समूह :** कृषक, कृषि फर्म, कृषक समूह, सहकारी र सरोकारवालाहरु

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय**

(क) यस नगरपालिकामा सूचीकृत संस्थाहरुबाट कार्य संचालन गरिनेछ ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा** :सार्वजनिक कृषि डिजिटल पुर्वाधार निर्माण भएकाले सतप्रतिशत अनुदानको व्यवस्था गर्ने।

**(७) अपेक्षित उपलब्धी :**

(क) कृषि क्षेत्रमा डिजिटलाइजेशन भएको हुनेछ ।

(ख) डिजिटल कृषि प्रविधि मार्फत कृषि सेवा प्रवाहमा कृषकहरुको पहुँचमा वृद्धि भएको हुनेछ ।

## परीच्छेद-४
## विविध

२३.**अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नुपर्ने**ः

यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नुपर्नेछ।

२४.**जिम्मेवार हुने**ः

कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसिमाभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

**२५.कारवाहीको व्यवस्था**:

लाभग्राहीले अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

**२६.दोहोरो सुविधा लिन नपाउने**ः

कार्यक्रमलाई प्रभावकारी र ब्यवस्थित बनाउन संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुसंग दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम संचालन गर्नुपर्नेछ।

**२७.बाधा अड्काउ फूकाउ**ः यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्बिविधा भएमा सो को निरुपण नगरकार्यपालिकाले गर्नेछ।यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम तथा अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

**अनुसुची-१**

(परिच्छेद २ को दफा ५ सँग सम्बन्धीत)

सुचना।सुचना।।सुचना।।।

..........................................कार्यक्रमका लागी प्रस्ताव आह्वान सम्वन्धि सुचना

यस ................................................को वार्षिक वर्ष.........................को वार्षिक स्विकृत कार्यक्रम अनुसार ........अनुदान रकम ऊपलव्ध गराउने कार्यक्रम रहेको हुँदा ............ यस भानु नगरपालिकाका कृषि व्यवसाय एवं सहकारी सम्वन्धी संलग्न कृषक,कृषि समुह,कृषि सहकारि सस्था/कृषि फर्म/उधमि कृषकवाट दरखास्त आह्वानको लागी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले .................... दिन भित्र .........................कार्यलयमा तपशिल कागजजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आह्वान गरीएको छ।यस सम्बन्धी थप जानकारीका लागी वेवसाइट................वा फोन न.............................................गर्न सकिने छ।

आवश्यक कागजजात

१.निवेदन

२.संस्था दर्ताको प्रमाणत्रको प्रतिलिपि तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी

३.कार्यसमितिको निर्णयको प्रतिलीपी

४.वडा कार्यालयको सिफारिस

५.संस्थाको लेखा परिक्षण भएको प्रतिलीपी तथा कर चुक्ता भएको प्रतिलिपी

५.कार्यक्रम संचालन हुने स्थान/जग्गाको स्वामिव खुल्ने कागजात वा जग्गा भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र

६.व्यावसायक योजना/समान प्रकृतिको अनुदान नलिएको सोघोषणा पत्र र लागत साझेदारीको प्रतिवद्धता

७.आयोजना सम्बन्धी अन्य कागजातहरु

नोटःसूचनामा व्यावसायीक वा लक्षित वर्ग विशेष कार्यक्रम छुट्टाई सुचना प्रकाशन गर्न सकिनेछ।

## अनुसुची-२

( परिच्छेद २ को दफा ६(ख) संग सम्बन्धीत)

मितिः-

विषयः-अनुदान उपलव्ध गराइदिनु हुन।

श्रीमान.......................... ज्यु

भानु नगरपालिका कृषि विकास शाखा

महोदय,

तहाँ कार्यलायवाट मिति .............मा प्रकाशित सूचनाअनुसार संचालन हुन लागेको ...............................कार्यक्रमको उद्देश्य,लागत,समयाविधि,जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरीएको छ।कार्यक्रम सन्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान गराइदिनुहुन अनुरोध गर्दछौ।

तपशिल,

अनुदानग्राहिको नाम

ठेगाना

स्थानिय तह

वडा न.

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सन्चालन गरिने कार्यक्रमः

कार्यक्रम सन्चालन गर्न लाग्ने कुल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समय ;

कार्यक्रम सन्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या

निवेदक

कृषक/कृषि समुह/कृषि सहकारी/कृषि फार्म/उधमी कृषक

नाम थर

पद

सम्पर्क फोन न.

मितिः

संस्थाको छाप

**अनुसूचि-३**

(परिच्छेद २ दफा ७ सँग सम्बन्धित)

| क.स. | मुल्याङ्कनका आधारहरु | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १. | प्रस्तावित कमाण्ड क्षेत्रको क्षेत्रफल/संख्या | १० | |
| २. | सम्भावित लाभान्वित वर्गको संख्या | १० | |
| ३. | वाली वा वस्तुको क्षेत्रफल/सङख्या विस्तारको सम्भावना | १० | |
| ४. | प्रस्तावित वाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता | १० | |
| ५. | प्रस्तावित वाली/वस्तुको स्थानिय आवश्यकता तथा प्रादेशिक महत्व | १० | |
| ६. | कृषि तथा बस्तु उत्पादन सामाग्री आपुर्ति तथा उत्पादन पुर्वाधारको सहजता | १० | |
| .७. | उत्पादनको वजारीकरणको सम्भावना तथा बजार सुविधा | १० | |
| ८. | उद्वेश्य प्राप्तिमा सहयोग | १० | |
| ९. | स्वलगानिको स्पष्ट आधार | १० | |
| १०. | रोजगारीको सृजना | १० | |
| | जम्मा | १०० | |

**अनुसूची-४**

( परिच्छेद २ को दफा ८ सँग सम्बन्धीत )

**कार्यक्रम सम्झौता फारम**

क) सम्झौता गर्ने पक्ष र आयोजना

१. लाभग्राही/ कृषकको विवरणः

२.ठेगानाः

३.सम्पर्कः

ख)कार्य विवरण

१) नामः

२)कार्य स्थलः

३)उद्देश्यः

४)कार्य सुरु हुने मितिः

५)कार्य सम्पन्न हुने मितिः

ग)कार्यक्रमको लागत सम्बन्धी विवरण

१)जम्मा लागत अनुमान रकमः

२)लागत ब्यहोर्ने स्रोतहरु

कार्यालयले व्यहोर्ने रुः

लाभग्राहीले व्यहोर्ने रुः

घ)कार्ययोजना

ङ) सम्झौताका सर्तहरुः

कृषक/लाभग्राहीको जिम्मेवारी तथा पालना गर्नु पर्ने शर्तहरुः

१) आयोजना मिति ................................. गतेदेखि शुरु गरी मिति गतेसम्म पुरा गर्नु पर्ने ।

२) आयोजनाको कुल लागत भन्दा कम लागतमा सम्मन्न भएको अवस्थामा सो मुताबिक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनुपर्ने छ ।

३) लाभग्राहीले प्राबिधिकको राय ,परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्ने ।

४)लाभग्राहीले आयोजनासंग सम्बन्धी बिल भरपाई,डोर हाजिर फारमहरु,आदि कागजहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्ने छ | कुनै सामाग्री खरिद गर्दा आन्तरिकलेखा नं. र मुल्य अभिबृदि कर

दर्ता प्रमाण पत्र प्राप्त व्यक्ती,फर्म,संस्था वा कम्पनीबाट खरिद गरि सोहि अनुसारको बिल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गारि पेश गर्नु पर्ने छ।

५) मुल्य अभिबृदि कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,००० भन्दा बढि मुल्यको सामाग्री अनिवार्य रुपमा मुल्यअभिबृदि कर दर्ता प्रमाण पत्र प्राप्त ब्यक्ति/फर्म /संस्था वा कम्पनिबाट खरिद गर्नु पर्ने छ | साथै उक्त बिलमा उल्लेखित मु.अ. कर बाहेकको रकममा १.५% अग्रिम आयकर बापत कर कट्टि गरि बांकि रकम मात्र सम्बन्धित कृषकलाई भुक्तानी हुनेछ|

६) सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछीअन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिबेदन ,प्रमाणित बिल भरपाईयोजनाको फोटो सम्बन्धी लाभग्राहीले आयोजना संचालन गर्दा भएको आय व्ययको प्रतिबेदन तथा सम्बधीत वडा कार्यालयको सिफारीस सहित भुक्तानीको लागि निबेदन पेश गर्नु पर्ने छ ।

७) कार्य सम्पन्न भए पछि कार्यालयबाट जांचपास गरे पश्चात मात्र भुक्तानि दिइने छ।

यसमा उल्लेख नभएका शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

माथि उल्लेख भएका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर छौं।

| **अनुदानग्राहीको तर्फ बाट** | **कार्यालयको तर्फबाट** | **कार्यालयको तर्फवाट** |
|---|---|---|
| दस्तखतः<br><br>नाम थरः<br>फार्मको नामः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः |
| **वडाको तर्फवाट** | **वडाको तर्फवाट** | **वडाको तर्फवाट** |
| दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः |

## अनुसुची-५

(अनुसुची १ को वुदा न.६ वमोजिम)

कार्यक्रमको संक्षिप्त व्यवसायीक योजना

कार्यक्रमको नामः

जिल्लाः...................................गा.पा..........................वडा नं.........

आवेदकको नामः

सन्चालक/अध्यक्षको नामः

१) व्यवसायको परिचयः

२) उद्देश्यहरुः

३) व्यवसाय सन्चालन गरिने स्थानको संक्षिप्त विवरणः

४) व्यवसाय सन्चालनका लागि रहेका पुर्वाधारहरुः

५) व्यवसाय सम्भाव्यताका आधारहरु( उत्पादन,प्रशोधन, प्रवर्धन, बजारिकरणका सम्बागहरु बारे विस्तृत विवरण)

(क)...........................................................

(ख)...........................................................

(ग)...........................................................

(घ)...........................................................

(ङ)...........................................................

६) कृषि कार्यमा अनुभवः

७) तालिम सम्बन्धी विवरणः

८)सहकार्यमा सन्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क.स | सन्चालन गरिने क्रियाकलापहरु | अनुदान रु. | संस्थागत लगानी रु. | अन्य निकायको अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

९) सन्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता( प्रभाव पार्ने या नपार्ने)

१०)उत्पादित वस्तुको बजार योजनाः

११)व्यवसाय दिगो हुन्छ भन्ने आधारहरुः

(क).............................

(ख)..............................

कार्ययोजना पेश गर्ने
नामः
ठेगानाः
पदः
संस्थाको छापः

**अनुसुची -६**

(अनुसुची १ को वुदा न.६ वमोजिम)

लागत साझेदारीको प्रतिबद्धता

भानु नगरपालिका कृषि विकास शाखा को मिति................................मा प्रकाशित सूचना अनुसार भानु नगरपालिका वडा नं ...... टोल........................स्थायी ठेगाना एको श्री........................................ ले लागत साझेदारीम................................................कार्यक्रम संचालनको लागी पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु............................को............................प्रतिशतले हुन आउने रु..........................................बराबरको लगानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरि कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु।

निवेदकको

दस्तखतः

बाया दाया

नामः
ठेगानाः
मितिः
छापः

**अनुसुची-७**

(अनुसुची १ को बुदा न.६ वमोजिम)

<u>समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र</u>

भानु नगरपालिका कृषि विकास शाखाको ..................................मिति मा प्रकाशित सूचना अनुसार भानु नगरपालिका वडा नं .... टोल/गाउ.........................स्थायी ठेगाना भएको श्री................................................ले लागत साझेदारीमा.........................................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यक्रमका लागि विगत ३ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकारको मातहतमा मन्त्रालय/निर्देशनालय/ज्ञानकेन्द्रबाट अनुसदान नलिएको स्वघोषणा गर्दछु। अन्यथा ऐला परेर कसुरदार ठहरिएमा सम्झौता रद्द लगायत नियामानुसार अन्य सजाय भोग्न समेत तयार छु।

निवेदकको

बाया दाया

दस्तखतः

नामः

ठेगानाः

मितिः

छापः